जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
सबै क्षेत्रको प्रबर्द्धनको गुरु
www.jaleshwortoday.com
# जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक २६९ • २०८३ श्रावण ३ गते आईतवार • 19 Jul. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## वर्तमान सरकारले सबै राजनीतिक दललाई साथमा लिएर अगाडि बढ्नुपर्छ

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २ श्रावण



नेकपा (एमाले) का सचिव एवं पूर्वउपप्रधानमन्त्री रघुवीर महासेठले वर्तमान सरकारले सबै राजनीतिक दललाई साथमा लिएर अगाडि बढ्नुपर्ने बताउनुभएको छ ।

जनकपुरधाम उद्योग वाणिज्य सङ्घको ५८ औं साधारण सभाको उद्घाटन सत्रलाई शनिबार प्रमुख अतिथिका रूपमा सम्बोधन गर्दै उहाँले यस्तो बताउनुभएको हो । उहाँले संसारका जुनसुकै देशमा पनि सरकारले प्रतिपक्षलाई साथमा लिएर हिँड्ने गरेको भन्दै प्रतिपक्षलाई पेलेर जान खोज्ने सरकार टिकेका उदाहरण नरहेको स्पष्ट पार्नुभयो। उहाँले भन्नुभयो, "सरकारले प्रतिपक्षलाई पेलेर अगाडि बढ्छु भन्ने सोच राखेको छ भने त्यो त्याग्नुपर्छ ।"

उहाँले सरकार जनताको हुने भन्दै जनताले निर्वाचित गरेको सरकारलाई हामी सबैले मान्नुपर्ने धारणा राख्नुभयो । उहाँले मधेस र मधेसी जनताले जुन विश्वासका साथ राजनीतिक दलहरूलाई मत दिएका छन्, त्यही विश्वासका साथ वर्तमान सरकारले मधेसी जनताको आशा र भरोसा पूरा गर्न खरो उत्रिनुपर्नेमा जोड दिनुभयो । पूर्वउपप्रधानमन्त्री महासेठले वर्तमान सरकारले शिक्षा र स्वास्थ्यमा लगाएको करको विषयमा गम्भीर हुनुपर्ने उल्लेख गर्नुभयो। जनकपुरधामसहित यस क्षेत्रको सामाजिक र आर्थिक विकासमा उद्योग वाणिज्य सङ्घको भूमिका महत्त्वपूर्ण रहेको चर्चा गर्दै उहाँले अब राष्ट्रको उन्नतिका लागि सङ्घले थप भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो ।

जनकपुरधाम आर्थिक क्षेत्रका लागि अपार सम्भावना बोकेको क्षेत्र रहेको उल्लेख गर्दै उहाँले पर्यटनका साथसाथै कृषि र कृषिमा आधारित उद्योगहरूमा लगानी वृद्धि गरी रोजगारी सिर्जना गर्नेतर्फ जनकपुरधाम उद्योग वाणिज्य सङ्घले सकारात्मक पहल गर्नुपर्ने बताउनुभयो । उहाँले डिजिटल रूपान्तरणको युगमा अब डिजिटल भुक्तानीलाई प्राथमिकता दिनुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रममा पूर्वमधेस प्रदेशसभा सदस्य परमेश्वर साहले वर्तमान सरकारले शिक्षा र स्वास्थ्यमा कर लगाएर जनताको ढाड सेक्ने काम गरेको आरोप लगाउनुभयो । जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोज साहले वर्तमान सरकारले जनकपुरधामको गुठी जग्गा संरक्षणका लागि गठन गरेको समितिमा प्रदेश सरकारको प्रतिनिधि नराख्नुले सरकारको सङ्घीयताप्रतिको दृष्टिकोण स्पष्ट झल्काएको धारणा राख्नुभयो ।

जनकपुरधाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुरेन्द्र भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका पूर्व नगर प्रमुख लालकिशोर साह, मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानका रेक्टर विनोद यादव, उद्योग वाणिज्य सङ्घका केन्द्रीय सदस्य सुमन श्रेष्ठ, पूर्व केन्द्रीय सदस्य निर्मल चौधरी लगायतले कृषि र पर्यटनमा आधारित उद्योगहरूको स्थापनाले मधेस प्रदेशको विकास र समृद्धि हुने भएकाले उद्योग वाणिज्य सङ्घले यस विषयमा पनि पहल गर्नुपर्नेमा जोड दिनुभयो। उहाँहरूले नेपाल रेलवेमा लगेज भ्यानको व्यवस्था हुनुपर्ने र तेस्रो देशबाट आउने सामानका लागि महोत्तरीको भिट्ठामोड नाकामा भन्सार स्थापना हुनुपर्ने माग गर्नुभयो । कार्यक्रममा व्यापारीसहित विभिन्न क्षेत्रका व्यक्तिहरूलाई मायाको चिनो प्रदान गर्दै सम्मान गरिएको थियो ।

## बजेट प्रभावकारी रूपमा कार्यान्वयन गर्न ५२ बुँदे मार्गदर्शन




जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २ श्रावण

मधेश प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८३/८४ को बजेट प्रभावकारी रूपमा कार्यान्वयन गर्न ५२ बुँदे मार्गदर्शन जारी गरेको छ । प्रदेश सरकार मातहतका मन्त्रालय तथा कार्यालयका लेखा उत्तरदायी अधिकृतलाई लक्षित गर्दै अर्थ मन्त्रालयले उक्त मार्गदर्शन जारी गरेको हो ।

अर्थ मन्त्रालयका सचिव सेवन्तक पोखरेलद्वारा जारी मार्गदर्शनमा पीएलएमबीआईएसमा प्रविष्ट भएका कार्यक्रमलाई नै स्वीकृत कार्यक्रम मानिने उल्लेख गरिएको छ । सोही कार्यक्रमका आधारमा खर्च गर्ने अख्तियारी प्रदान गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय तथा मातहतका प्रदेश लेखा इकाइ कार्यालयले कार्यान्वयन निकायलाई बजेट निकासा गर्नुपर्ने व्यवस्था गरिएको छ ।

मार्गदर्शन अनुसार वार्षिक स्वीकृत कार्यक्रममा विनियोजित बजेट तेस्रो त्रैमासिकसम्म खर्च नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने देखिएमा त्यस्तो रकम आगामी वैशाख ७ गतेभित्र अनिवार्य रूपमा अर्थ मन्त्रालयमा समर्पण गर्नुपर्नेछ। सो मितिपछि त्यस्तो रकम रकमान्तर गर्न नपाइने व्यवस्था गरिएको छ। पीएलएमबीआईएसमा कुनै आयोजना, कार्यक्रम वा क्रियाकलापको नाम वा उद्देश्य एउटै भई दोहोरो प्रविष्ट भएको अवस्थामा त्यसमध्ये एउटा कार्यक्रम मात्र कार्यान्वयन गरिने पनि मार्गदर्शनमा उल्लेख गरिएको छ ।




**कृषि उत्पादनमा आत्मनिर्भर बनौं**

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, बीउ समयमै उपलब्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलब्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरुलाई कृषिमा आकर्षित गरौं।

कृषि पेशा प्रति सम्मान र गौरव गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर। म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रवर्द्धनको गुरु
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय....................

# मृत्यु होइन जीवन रोजौं

*हाम्रो शिक्षा प्रणालीले 'के बन्ने ?' भन्ने प्रश्नको उत्तर खोज्छ, तर 'किन बाँच्ने ?' भन्ने प्रश्नमा कम ध्यान दिन्छ। यही कारणले मानसिक स्वास्थ्य शिक्षासँगै आत्मचिन्तन, जीवन-दर्शन र आध्यात्मिक चेतनाको विकासलाई पनि महत्व दिनुपर्ने देखिन्छ । यहाँ आध्यात्मिक शिक्षा भन्नाले कुनै धर्मको प्रचार होइन; आफ्नो जीवनको अर्थ खोज्ने, दुःखलाई जीवनको स्वाभाविक हिस्सा ठान्ने, भावनाहरू बुझ्ने र असफलताका बीच पनि आशा जोगाइराख्ने क्षमता विकास गर्नु रहेको देखिन्छ। ध्यान, माइन्डफुलनेस, योग र आत्मचिन्तनका अभ्यासहरूले युवाहरूलाई आफ्नै जीवनसँग पुनः जोडिन मद्दत गर्न सक्ने देखिन्छ । धेरै अवस्थामा मानिस आत्महत्या तबतिर उन्मुख हुन्छ, जब उसले जीवनलाई अर्थहीन ठान्न थाल्छ; आत्मचिन्तनले उसलाई फेरि जीवनको अर्थ, उद्देश्य र आशासँग जोड्न सक्ने देखिन्छ । हाम्रो पूर्वीय दर्शनले पनि लामो समयदेखि एउटा महत्वपूर्ण शिक्षा दिँदै आएको छः दुःख जीवनको अन्त्य होइन, जीवनको हिस्सा रहेको छ ।*

*त्यसैले विद्यालय र विश्वविद्यालयहरूमा केवल जीविकोपार्जन सम्बन्धी ज्ञान र सीप मात्र होइन, आत्मबोध, करुणा, आत्मसंयम र जीवनप्रतिको सकारात्मक दृष्टिकोण विकास गर्ने शैक्षिक पाठ्यक्रम/अभ्यासहरूलाई पनि स्थान दिनुपर्ने देखिन्छ । यही आध्यात्मिक चेतनाले युवाहरूलाई निराशाबीच पनि आशा, असफलताबीच पनि अर्थ, र संकटबीच पनि मृत्यु होइन जीवन रोज्ने शक्ति दिने देखिन्छ ।*

# सर्लाही प्रहरीद्वारा ठुलो परिमाणमा लागुऔषध गाँजा बरामद

**जलेश्वरटुडे समाचारदाता**
**सर्लाही, २ श्रावण**

सर्लाही प्रहरीले शनिबार ठुलो परिमाणमा लागुऔषध गाँजा बरामद गरेको छ । जिल्लाको दक्षिणी भेगस्थित कौडेना गाउँपालिका-१, सुखचैना गाउँबाट प्रहरीले चार क्विन्टल १९ केजी ९३ ग्राम गाजा बरामद गरेको हो ।



व्यापक मात्रामा परिचालन भएको प्रहरीले सुखचैना गाउँका विभिन्न व्यक्तिका घरका ओछ्यानमुनी लुकाइएको तथा करेसा बारीमा पत्करले छोपेर राखिएको अवस्थामा भारी मात्रामा गाँजा बरामद भएको सर्लाही प्रहरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक (डिएसपी) वेदप्रसाद गौतमले जानकारी दिनुभयो । सुखचैना क्षेत्रमा व्यापक मात्रा गाँजा लुकाएर राखिएको सूचना पाएपछि जिल्ला प्रहरी प्रमुख (एसपी) रविन्द्रनाथ पौडेल, डिएसपी गौतमसहितका प्रहरी अधिकारीहरु ठुलो सङ्ख्यामा प्रहरी लिएर पुग्नुभएको थियो । प्रहरीले गाजा बरामद भएको घरबाट दुई जनालाई नियन्त्रणमा समेत लिएको छ । पक्राउ पर्नेमा २५ वर्षीय राहुल राउत र ४६ वर्षीय महादेव राउत रहेका छन् । उनीहरुलाई जिल्ला प्रहरी कार्यालय सर्लाही ल्याएर थप अनुसन्धान गरिरहेको डिएसपी गौतमले बताउनुभयो ।

प्रहरीले गाँजा तौलन प्रयोग गरिएका डिजिटल नापतौल मेसिन चार थान र सानो तराजु एक थान बरामद गरी जिल्ला प्रहरी कार्यालय सर्लाहीमा ल्याएको छ । सर्लाहीमा उत्तरी भेगको लालबन्दी, हरिवन, बागमती लगायत क्षेत्रबाट बारम्बार गाँजा बरामद हुने गरेको भए पनि दक्षिणी भेगको सुखचैना गाउँबाट पनि यसरी भारी परिमाणमा गाँजा बरामद गरेको हो ।

# केही कैदीबन्दीलाई स्थानान्तरण गर्ने विषयमा विवाद

**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, २ श्रावण**

कारागार कार्यालय सप्तरीमा शनिबार बिहान केही कैदीबन्दीलाई स्थानान्तरण गर्ने विषयमा विवाद उत्पन्न भएको छ। विवादका कारण केही समय कारागारभित्र तनावको अवस्था सिर्जना भए पनि अहिले स्थिति सामान्य रहेको प्रहरीले जनाएको छ । कारागारको ब्लक 'बी' मा रहेका पाँच-छ जना कैदीबन्दीलाई अर्को ब्लक वा अन्य कारागारमा स्थानान्तरण गर्ने तयारी भइरहेका बेला केही कैदीबन्दीले विरोध गर्दै होहल्ला गरेका थिए ।




उनीहरूले शरीरमा मट्टितेल छर्केर आगो लगाउने धम्कीसमेत दिएको बताइएको छ । जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेका अनुसार घटनापछि कारागार प्रमुख रुपक मण्डलले थप सुरक्षा व्यवस्थाका लागि प्रहरी परिचालन गर्न आग्रह गर्नुभएको थियो । त्यसलगत्तै प्रहरी टोली कारागारमा परिचालन गरी स्थिति नियन्त्रणमा लिइएको उहाँले बताउनुभयो ।

"घटनापछि आवश्यक सुरक्षाकर्मी परिचालन गरिएको थियो। अहिले कारागारको अवस्था पूर्ण रूपमा सामान्य छ," प्रहरी नायब उपरीक्षक घिमिरेले भन्नुभयो । यता, कारागारभित्र रहेका कैदीबन्दीका अनुसार ब्लक नायक परिवर्तन गर्नुपर्ने माग उठेपछि विवाद चर्किएको हो । उक्त दाबीबारे भने सम्बन्धित निकायबाट आधिकारिक पुष्टि भएको छैन । घटनापछि कारागारको सुरक्षा व्यवस्था थप कडा बनाइएको प्रहरीले जनाएको छ। घटनाका सम्बन्धमा आवश्यक समन्वय र निगरानी भइरहेको प्रहरी नायब उपरीक्षक घिमिरेले जानकारी दिनुभयो ।





**अनुरोधकर्ता**
**मुखियापट्टी मुसहरनियाँ गाउँपालिका कार्यालय**
**धनुषा, मधेश प्रदेश**


## तपाईको टुडे

मेषः अशुभ समाचार प्राप्त हुने
वृषः विचार गरेर बोल्नुहोला
मिथूनः लामो यात्राको योग छ
कर्कटः पिछडेको साथी मिल्न
सिंहः अनावश्यक चिन्ता
कन्याः अनावश्यक खर्चको संभावना
तुलाः शुभ कार्यको शुरुवात
वृश्चिकः आम्दानी हुने
धनुः मित्रतामा फाटो आउने
मकरः खानपानमा समस्या आउने
कूम्भः मनमा पछुतो आउने
मीनः पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# भारतको पहिलो हाइड्रोजन रेल सञ्चालनमा, के छन् यसका विशेषता ?



जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २ श्रावण

भारतीय रेलवेले शुक्रबारदेखि देशको पहिलो हाइड्रोजन इन्धन-सेल रेल सेवा शुरू गरेको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले हरियाणाको जिन्द रेलवे स्टेशनबाट यो हाइड्रोजन-सेल ट्रेनलाई झण्डा देखाएर उद्घाटन गरे ।

यससँगै भारत हाइड्रोजन इन्धन-सेल ट्रेनहरू सञ्चालन हुने देशहरूको सूचीमा सामेल भएको छ। प्रधानमन्त्री मोदीले यस अवसरमा भने, "जिन्दबाट सोनीपतसम्म चल्ने हाइड्रोजन रेल विश्वको सबैभन्दा शक्तिशाली हाइड्रोजन रेल हो। यसमा ३,२०० अश्वशक्तिको रेल छ। यो सबैभन्दा शक्तिशाली मात्र होइन, तर भारतको हाइड्रोजन रेल पनि सबैभन्दा लामो छ।" उनले अगाडि भने, "विश्वका अन्यत्र, हाइड्रोजन रेलहरू तीन वा चार कोचहरूसहित चल्छन् । भारतले सिधै १० कोचको हाइड्रोजन रेल शुरू गरेको छ।"

यो रेल न त ओभरहेड पावर लाइनहरूमा निर्भर हुनेछ न त डिजेल इन्जिनमा। प्रश्न उठ्छ: यसको इन्जिन कसरी सञ्चालन हुनेछ, यसको पछाडिको प्रविधि के हो, र भारतको पहिलो हाइड्रोजन रेल परियोजनाको विशेषता के हो ? गत मे महिनामा भारतीय रेलवेले उत्तरी रेलवेको जिन्द-सोनीपत खण्डमा १० कोचको हाइड्रोजन-संचालित रेल सञ्चालनलाई अनुमोदन गरेको थियो ।

यो रेल १२०० किलोवाटको हाइड्रोजन इन्धन-सेल प्रोपल्सन प्रणालीद्वारा संचालित हुनेछ र यसको अधिकतम गति प्रति घण्टा ७५ किलोमिटर हुनेछ। जिन्द र सोनीपत बीचको एकतर्फी दूरी लगभग ९० किलोमिटर छ, जुन यो रेलले लगभग २ घण्टामा पार गर्नेछ। रेल मन्त्रालयबाट प्राप्त जानकारी अनुसार, यो सेवा रेल नम्बर ७४०१० र ७४००९ को रूपमा सञ्चालन हुनेछ। रेल नम्बर ७४०१० बिहान ७:४० बजे जिन्दबाट प्रस्थान गर्नेछ र बिहान ९:४० बजे सोनीपत आइपुग्नेछ। त्यस्तै गरी, रेल नम्बर ७४००९ सोनीपतबाट बिहान १०:४० बजे छुट्नेछ र दिउँसो १:०० बजे जिन्द आइपुग्नेछ। हाइड्रोजन इन्धनयुक्त रेल जिन्द शहर, पाण्डु पिण्डारा, ललितखेडा, भापेगा, ईशापुर खेरी, बुटाना, खन्द्राई, गोहाना, राबरा, लाठ, मोहना र बारवासनी स्टेशनहरूमा रोकिनेछ । यो रेलले दैनिक दुई पटक यात्रा गर्नेछ, लगभग ३५६ किलोमिटरको कुल दूरी तय गर्नेछ । एक पटकमा हाइड्रोजन इन्धनयुक्त रेलमा जम्मा ६८२ यात्रुले यात्रा गर्न सक्नेछन् ।

# तेस्रो विवाहलाई 'लभ जिहाद' भन्दै आमिर खानलाई लरेन्स ग्याङको ज्यान मार्ने धम्की

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २ श्रावण



बलिउड अभिनेता आमिर खानलाई लरेन्स ग्याङको तर्फबाट ज्यान मार्ने धम्की आएको खबर सार्वजनिक भएको छ ।

रिपोर्टका अनुसार ग्याङले आमिर खानले गत जुलाई ५ मा गौरी स्प्र्याटसँग गरेको तेस्रो विवाहलाई 'लभ जिहाद' को संज्ञा दिँदै धम्की दिएको हो। आजतकको रिपोर्टका अनुसार शनिबार लरेन्स ग्याङको तर्फबाट एउटा पत्र र अडियो नोट जारी गरिएको छ । आरजु बिश्नोई र टायसन बिश्नोईको नामबाट जारी गरिएको उक्त पत्रमा देश र संस्कृतिको विरुद्धमा गएर लभ जिहादका नाममा आमिर खान जस्ता मानिसलाई बढावा दिनेहरूलाई आफूहरूले सहन नगर्ने उल्लेख गरिएको छ । ग्याङले यसको जवाफ चाँडै दिइने चेतावनी समेत दिएको छ। पत्रमा यो कार्य देश र संस्कृति विरुद्ध भएको भन्दै जसले यसको समर्थन गर्छ, उसलाई चाँडै ग्याङको तर्फबाट जवाफ मिल्ने लेखिएको छ । उच्च अदालतका अधिवक्ता अजय पञ्चोलीले यस खबरको पुष्टि गरेका छन्। यद्यपि, यो समाचार तयार पार्दासम्म मुम्बई प्रहरी र आमिर खानको टोलीका तर्फबाट कुनै पनि आधिकारिक बयान बाहिर आएको छैन । तेस्रो विवाह गरेपछि सामाजिक सञ्जालमा आमिर खानलाई लभ जिहादको ब्रान्ड एम्बेसेडर भन्दै आलोचना हुन थालेको थियो। यी आरोपहरूमाथि रेडिफसँगको कुराकानीमा आमिरले आफ्नो सफाइ दिएका छन् ।

'मेरो तीनवटै विवाहमा कुनै पनि श्रीमतीले धर्म परिवर्तन गरेका छैनन्, किनभने यी विवाहहरू अदालती विवाह थिए,' आमिरले भने, 'तेस्रो श्रीमती गौरी हिन्दू नभएर क्रिश्चियन हुन् ।' आमिर खानको तेस्रो विवाहलाई लिएर भारतमा विवादः कतै पुत्ला दहन, कतै फतवा जारीः आमिर खानको तेस्रो विवाहलाई लिएर भारतमा विवादः कतै पुत्ला दहन, कतै फतवा जारी आफ्नो परिवारको उदाहरण दिँदै आमिरले थप स्पष्ट पारे, 'मेरो छोरी इराको विवाह हिन्दू युवासँग भएको छ । मेरा दुवै दिदीबहिनी निखत खान र फरहत खानका श्रीमान् पनि हिन्दू हुन् भने कजिन मन्सुरको विवाह क्रिश्चियनसँग भएको छ ।' अभिनेता आमिर खान र उनकी पार्टनर गौरी स्प्र्याटले जुलाई ५ मा विवाह गरेका थिए ।

दुवैले मुम्बईको पाली हिलस्थित आमिरकै घरमा विवाहको कागजातमा हस्ताक्षर गरेका हुन् । यो एक निजी पारिवारिक समारोह थियो, जसमा दुवै परिवारका सदस्य र केही नजिकका साथीहरू मात्र उपस्थित थिए। उक्त विवाह स्पेशल म्यारिज एक्टअन्तर्गत कोर्ट म्यारिजका रूपमा दर्ता गरिएको हो ।












# राष्ट्रवादको नयाँ ठेगाना

- विदेश जाने नेपाली युवाको संख्या बढेसँगै राष्ट्रवादको परम्परागत भूगोलकेन्द्रित अवधारणा चुनौतीमा परेको छ । आज नेपाली समाजमा सफलताको मापदण्ड र पहिचान गन्तव्य देशसँग जोडिन थालेको छ, जसले राष्ट्रप्रतिको सम्बन्धलाई सीमापार फैलाएको छ। समकालीन नेपालमा राष्ट्रवादको केन्द्र केवल भौगोलिक सीमाभित्र नभई, संसारभर छरिएका नेपालीको भावनात्मक र सामाजिक सम्बन्धमा पनि विस्तार भएको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको डिपार्चरमा हरेक दिन एउटै कथा नयाँ पात्रसहित दोहोरिन्छ । छोराछोरीलाई छोड्न गएका बाआमा वा आफन्त हात हल्लाउँदै बोल्छन्, 'छिट्टै फर्किनू ।' तर, त्यो 'छिट्टै' कहिलेकाहीँ वर्षौं लामो प्रतीक्षा बन्नेछ भन्ने सबैलाई थाहा छ ।

जहाज उड्छ, डाँडाहरू बादलमा बिलाउँछन्, हिमालहरू साना हुँदै जान्छन् र झ्यालबाट हेर्दा नेपाल बिस्तारै एउटा थोप्लोमा सीमित हुन्छ । जहाजसँगै परदेशीको मनबाट नेपाल टाढिँदैन, बरु मनभित्र अझ गहिरोसँग बस्न थाल्छ । दूरीको आफ्नै समाजशास्त्र हुन्छ, त्यसले भूगोललाई साँघुरो बनाउँछ । तर, सम्बन्ध, स्मृति र अपनत्वलाई अझ विशाल बनाइदिन्छ र राष्ट्रवाद फरक ठेगानामा झुल्किन्छ । यस लेखमा राष्ट्रवादले ल्याइरहेको नयाँ ठेगानामाथि विमर्श गरिनेछ । राष्ट्रवादको पुरानो भूगोलः वर्षौंदेखि हामीले डिपार्चर कक्षको दृश्यलाई मुख्यतः आर्थिक र राजनीतिक भाषामार्फत बुझ्ने प्रयास गरेका छौं । अर्थशास्त्रीहरूले यसलाई 'श्रम आप्रवासन' भने, सरकारले 'ब्रेन ड्रेन' को चिन्ता गर्‍यो, पत्रपत्रिकाले 'युवा पलायन' को संकट देखे र विकासविद्हरूले 'रेमिट्यान्स, जनसांख्यिकीय परिवर्तन तथा दक्ष जनशक्तिको क्षय' बारे बहस गरे । यी सबैले देख्ने विषय मुख्यतः मानिसको आवतजावत हो, समाजको रूपान्तरण होइन । आज नेपालमा बदलिएको विषय केवल मानिस कहाँ बस्छन् भन्ने होइन, उनीहरू आफ्नो भविष्य कहाँ देख्छन्, आफ्नो पहिचान कहाँबाट निर्माण गर्छन् र 'राष्ट्र' सँगको सम्बन्धलाई कहाँबाट अर्थ दिन्छन् भन्ने हो । यस अर्थमा, आप्रवासनसँग जोडिएको राष्ट्रवादको परिभाषा केवल जनसंख्याको स्थानान्तरण होइन, यो राष्ट्रलाई कल्पना गर्ने तरिकाको पुनःसंरचना पनि हो । आधुनिक राष्ट्रवाद बुझ्न बेनेडिक्ट एन्डरसनको 'इम्याजिन्ड कम्युनिटिज' एउटा आधारभूत कृति मानिन्छ । एन्डरसनका अनुसार, राष्ट्र कुनै प्राकृतिक वा जैविक समुदाय होइन- साझा कल्पना, साझा स्मृति र साझा राजनीतिक सम्बन्धद्वारा निर्मित 'कल्पित समुदाय' हो । पछि पार्थ चटर्जीले यही अवधारणामाथि प्रश्न उठाउँदै 'हुज् इम्याजिन्ड कम्युनिटिज ?' भन्ने बहस अघि सारे र उपनिवेशोत्तर समाजमा राष्ट्रको कल्पना युरोपेली अनुभवभन्दा भिन्न ऐतिहासिक प्रक्रियाबाट निर्माण हुने तर्क गरे । तर, समकालीन नेपालको अनुभवले यी बहसमा अर्को प्रश्न थप्न आग्रह गरिरहेको छ । प्रश्न अब केवल 'राष्ट्र कसले कल्पना गर्छ ?' भन्ने होइन, 'राष्ट्र कहाँबाट कल्पना गरिन्छ ?' भन्ने पनि हो । किनभने आज लाखौं नेपालीले राष्ट्रलाई नेपालको भूगोलभित्र बसेर मात्रै होइन- सिड्नी, टोकियो, दोहा, टोरन्टो वा लन्डनबाट पनि उत्तिकै गहिरोसँग कल्पना, अनुभूति र जीवन्त बनाइरहेका छन् । यस अर्थमा, नेपालको वर्तमान अनुभवले राष्ट्रवादको बदलिँदो ठेगानाबारे नयाँ ढंगले सोच्न बाध्य बनाउँछ ।

नेपालको मूल प्रश्न केवल लाखौं युवा किन विदेशिए भन्ने होइन । वास्तविक प्रश्न हो- जब राष्ट्रका सपना, आकांक्षा, लगानी र भावनात्मक सम्बन्ध आफ्नै सीमाभन्दा बाहिर निर्माण हुन थाल्छन् भने त्यो राष्ट्रलाई कसरी बुझ्ने ? राष्ट्रवादको केन्द्र आखिर कहाँ रहन्छ ?राष्ट्रवादको परम्परागत अवधारणाले लामो समयदेखि एउटा आधारभूत मान्यतालाई स्वाभाविक सत्यझैं स्वीकार गर्दै आएको छ- राष्ट्रको केन्द्र आफ्नै भूगोलभित्र हुन्छ । आधुनिक राष्ट्र-राज्यको निर्माणसँगै राष्ट्रलाई निश्चित सिमाना, साझा भूभाग र एउटै राजनीतिक समुदायका रूपमा कल्पना गरियो । नागरिकहरू त्यहीँ बस्छन्, त्यहीँका संस्थामा सहभागी हुन्छन्, त्यहीँको अर्थतन्त्र निर्माण गर्छन् र त्यहीँ बसेर साझा भविष्यको कल्पना गर्छन् भन्ने धारणा आधुनिक राष्ट्रवादको मेरुदण्ड बन्यो । त्यसैले देशप्रेमलाई पनि भूगोलसँग जोडियो । आफ्नो राष्ट्रलाई माया गर्नु भनेको त्यहीँ बस्नु, त्यहीँ श्रम गर्नु, त्यहीँ भविष्य निर्माण गर्नु र आवश्यक परे त्यहीँको रक्षा गर्नु हो भन्ने विश्वास स्थापित भयो । राष्ट्रिय झन्डा, राष्ट्रिय गान, राष्ट्रिय इतिहास, राष्ट्रिय दिवस र राज्यका अनेक सार्वजनिक प्रतीकले यही सन्देश दोहोर्‍याइरहे- राष्ट्रको वास्तविक जीवन सीमाभित्रै हुन्छ र नागरिकको राष्ट्रसँगको सम्बन्ध पनि उसको भौतिक उपस्थितिले नै परिभाषित गर्छ । नेपालले पनि आधुनिक राष्ट्रवादको यही भूगोलकेन्द्रित कल्पनालाई लगभग निर्विवाद रूपमा स्विकार्‍यो । धेरै दशकसम्म देशप्रेमको सबैभन्दा स्वाभाविक अभिव्यक्ति आफ्नै भूमिमा बस्नु, आफ्नै समाजमा श्रम गर्नु र आफ्नै देशको भविष्य निर्माण गर्नु मानियो । आदर्श नागरिक त्यो थियो- जसले नेपालमै पढोस्, नेपालमै आफ्नो जीविका बनाओस्, यहीँ परिवार बसालोस् र यहीँ बसेर राष्ट्र निर्माणमा योगदान गरोस् । विदेश जानु सफलताको प्रतीक होइन- गरिबी, द्वन्द्व वा सीमित अवसरले थोपरेको बाध्यता ठानिन्थ्यो । त्यसैले आप्रवासनलाई स्थायी बसाइँ होइन, केही समयका लागि गरिएको यात्रा मात्रै मानिन्थ्यो । अन्ततः फर्किने घर नेपाल नै हो भन्ने विश्वास समाजमा गहिरो थियो । विदेश पुगेकाबाट पनि एक दिन फर्केर ज्ञान, सीप, अनुभव र पुँजी देशकै विकासमा लगाउने अपेक्षा गरिन्थ्यो । राष्ट्रसँगको सम्बन्धको आधार भौगोलिक उपस्थितिलाई नै मानिने भएकाले




देशभन्दा बाहिर बसेर पनि राष्ट्रसँग उस्तै गहिरो सम्बन्ध कायम रहन सक्छ भन्ने कल्पना त्यतिबेला लगभग अकल्पनीय थियो । राष्ट्रवादको नयाँ भूगोलः तर, आजको नेपालले राष्ट्रवादको यही भूगोलकेन्द्रित अवधारणालाई बिस्तारै र निर्णायक रूपमा चुनौती दिइरहेको छ । गाउँका रित्ता चिया पसलमा अब खेतीपाती, स्थानीय विकास वा गाउँको राजनीतिभन्दा बढी चर्चा हुने विषय विदेश हो । 'फलानो अस्ट्रेलिया गयो', 'फलानो जापान पुग्यो', 'फलानो क्यानडा लाग्यो', 'छोरो कोरिया जाने तयारीमा छ', 'छोरीको भिसा आयो रे'- यस्ता वाक्य अहिले नेपाली गाउँ-जीवनको सबैभन्दा सामान्य सामाजिक भाषा बनिसकेका छन् । एक समय परदेश अपवाद थियो, आज आकांक्षाको नयाँ भूगोल बनेको छ । विदेश अब केवल गन्तव्य होइन, भविष्यको पर्यायजस्तै बन्न थालेको छ ।

धेरै अघिसम्म आमाबुबाले छोराछोरीलाई सोध्ने प्रश्न थियो, 'ठूलो भएर के बन्छौ ?' यो प्रश्नले भविष्यलाई कुनै पेसामार्फत कल्पना गर्थ्यो- शिक्षक, इन्जिनियर, डाक्टर, अनुसन्धानकर्ता, उद्यमी वा निजामती कर्मचारी । तर, आज त्यो प्रश्न बिस्तारै फेरिएको छ ।

साभार : कान्तिपुर ।

"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला




अनुरोधकर्ता
बलवा नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश




अनुरोधकर्ता
शहिदनगर नगरपालिका कार्यालय
धनुषा, मधेश प्रदेश




अनुरोधकर्ता
रामगोपालपुर नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday